आज मिति २०८२ साल मंसिर २८ गते भीरकोट नगरपालिकाका नगरप्रमुख श्री गोविन्दकुमार कर्माचार्यज्यूको अध्यक्षतामा देयाहबमोजिमको उपस्थितिमा १३३ औं नगर कार्यपालिका बैठक बसि निम्नानुसार निर्णय गरियो।

<u>उपस्थिती</u>

| नामथर | पद | दस्तखत |
|---|---|---|
| श्री गोविन्द कुमार कर्माचार्य | नगर प्रमुख | |
| श्री भगवती रेग्मी अर्याल | नगर उपप्रमुख | |
| श्री दिपेन्द्र के.सी. | वडा अध्यक्ष वडा नं. १ | |
| श्री श्यामकाजी अधिकारी | वडा अध्यक्ष वडा नं. २ | |
| श्री केशर बहादुर खड्का | वडा अध्यक्ष वडा नं. ३ | |
| श्री रत्न प्रकाश श्रेष्ठ | वडा अध्यक्ष वडा नं. ४ | |
| श्री कृष्ण बहादुर थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| श्री लक्ष्मण खत्री क्षेत्री | वडा अध्यक्ष वडा नं. ६ | |
| श्री तारा प्रसाद अर्याल | वडा अध्यक्ष वडा नं. ७ | |
| श्री नन्दलाल खनाल | वडा अध्यक्ष वडा नं. ८ | |
| श्री चित्र बहादुर राना भुजेल | कार्यपालिका सदस्य | |
| श्री गंगा बहादुर जि. टी. | कार्यपालिका सदस्य | |
| श्री विष्णु माझी | कार्यपालिका सदस्य | |
| श्री बिन्दु खड्का | कार्यपालिका सदस्य | |
| श्री एकमाया घर्ती थापा | कार्यपालिका सदस्य | |
| श्री पार्वती के.सी. | कार्यपालिका सदस्य | |
| श्री ओम कुमारी कोइराला | कार्यपालिका सदस्य | |
| श्री खैसरा वि.क. | कार्यपालिका सदस्य | |
| श्री लक्ष्मण लम्साल | प्रमुख प्रशासकीय अधिकृत | |

अन्य उपस्थिति

| | | |
|---|---|---|
| श्री सिताराम खनाल | प्रशासकीय अधिकृत | |
| श्री याम प्रसाद रेग्मी | योजना अधिकृत | |

# मिति २०८२।०८।२८ गतेको १३३ औ कार्यपालिका बैठकका निर्णयहरु

**निर्णय नं १**

नगरकार्यपालिकाबाट यस अघिको १३२औं कार्यपालिका बैठकका निर्णयहरु कार्यान्वयनको सन्दर्भमा समीक्षा गरियो ।

**निर्णय नं २**

भीरकोट नगरपालिकाको १७औं हिंउदे नगरसभा २०८२/०९/२५ गते आयोजना गर्ने । चालू आ.व. २०८२/८३ को भीरकोट नगरपालिकाको बजेट संशोधन, कार्यक्रम संशोधन तथा कानून परिमार्जनको आवश्यक तयारी गर्न प्र.प्र.अ लाई निर्देशन दिने ।

**निर्णय नं ३**

भीरकोट नगरपालिकाको चालू आ.व. २०८२/८३ को पहिलो चौमासिक अवधिमा भएका कार्यसम्पादन सम्बन्धी सार्वजनिक सुनुवाई कार्यक्रम मिति २०८२/०८/२९ गते भीरकोट नगरपालिका वडा नं ९ सिर्कोटमा आयोजना गर्ने ।

**निर्णय नं ४**

भीरकोट नगरपालिकामा हाजिरी भएका लेखा अधिकृत विनोद अर्याल शारीरिक रुपमा अस्वस्थ भई चिकित्सकको निगरानीमा रही नियमित रुपमा कार्यसम्पादन गर्न असमर्थ रहेको हुँदा हाललाई लेखापाल श्री विष्णु कुमारी शर्मालाई नै आर्थिक कारोबारको जिम्मेवारी दिने ।

**निर्णय नं ५**

भीरकोट नगरपालिका मातहतका वडा कार्यालय, स्वास्थ्य संस्थाहरु, भीरकोट नगर अस्पतालमा कार्यरत करार सेवा तर्फका कर्मचारीहरुको आवश्यकता र औचित्यता एकिन गरी नगरपालिकाबाट स्वीकृत संगठन तथा व्यवस्थापन प्रतिवेदन बमोजिम स्वीकृत दरबन्दी भित्रको मात्र जनशक्ति व्यवस्थापन गर्नेगरी प्रकृया अगाडी बढाउने ।

**निर्णय नं ६**

मेयरसंग जेष्ठ नागरिक कार्यक्रम संचालन कार्यविधि, २०८२ तपसिल बमोजिम प्रथम संशोधन गर्ने ।

| परिच्छेद, दफा | विद्यमान व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|
| परिच्छेद ३ बुंदा २ को क | नगरपालिकाभित्र बसववास गर्ने ६० बर्ष उमेर पुगेका जेष्ठनागरिकहरुलाई स्वास्थ्य संस्थामा रहेका स्वास्थ्यकर्मिहरुले कम्तिमा ३ महिनामा १ पटक टोल-टोलमा गई स्वास्थ्य जाँच गरी औषधी समेत वितरण गर्नुपर्दछ। | नगरपालिकाभित्र बसववास गर्ने ६० बर्ष उमेर पुगेका जेष्ठनागरिकहरुलाई स्वास्थ्य संस्थामारहेका स्वास्थ्यकर्मिहरु र नगर अस्पतालका मेडिकल अधिकृतले प्रत्येक १ वडाको कम्तिमा १ स्थानमा गई स्वास्थ्य जाँचगरी औषधीसमेत वितरण गर्नुपर्नेछ । |

| | | |
|---|---|---|
| परिच्छेद ३ बुँदा २ को ञ | कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यन्वयन गर्न स्वास्थ्य शाखाले आवश्यकता अनुसार अनुगमन तथा निरीक्षण गर्नसक्नेछ । | कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यन्वयन गर्न नगरपालिकाको कार्यालयबाट आवश्यकता अनुसार अनुगमन गर्न सक्नेछ । |
| परिच्छेद ३ बुँदा २ को ट | एउटा टोलमा बढीमा दुइजना स्वास्थ्यकर्मीहरु परिचालन गर्न सकिनेछ । | हटाइएको । |
| परिच्छेद ४ बुँदा ४ को क | स्वास्थ्यजाँच सेवा सञ्चालनका लागी प्रत्येक स्वास्थ्य संस्थामा रहेका स्वास्थ्यकर्मिहरुलाई आलोपालो मिलाई आफ्नो सेवाक्षेत्रमा खटाईने छ। स्वास्थ्यकर्मि/स्वयंसेविकालाई प्रतिदिन देहायको यातायात खर्च उपलब्ध गराईने छ। | स्वास्थ्यजाँच सेवा सञ्चालनका लागी प्रत्येक स्वास्थ्य संस्थामा रहेका स्वास्थ्यकर्मिहरु/महिला स्वास्थ्य स्वयंसेविका खटाइनेछ ।स्वास्थ्यकर्मी/ स्वयंसेविका/अनुगमनकर्तालाई देहायबमोजिमको सुविधा उपलब्ध गराइनेछ । <br> **विवरण** <br> यातायात खर्च/खाजा खर्च/अनुगमनकर्ताको भत्ता भीरकोट नगरपालिकाको कार्यसंचालन निर्देशिका,२०७८ अनुसार । <br> सहभागी भत्ता अर्थ मन्त्रालयको कार्यसंचालन निर्देशिका अनुसार |

निर्णय नं ७

भीरकोट नगरपालिकाको चालू आ.व. मा गण्डकी प्रदेश सरकारबाट विनियोजित विशेष अनुदान तर्फको विनियोजित वजेट तथा कार्यक्रम तपसिल बमोजिम संशोधन गर्ने ।

तपसिल

| क्र.स. | प्रस्तावित क्रियाकलाप | वजेट रकम रु. | संशोधित वजेट शिर्षक |
|---|---|---|---|
| १ | हर्ड हाईजिन | २,००,०००/- | डिजिज सर्भिलेन्स तथा सेरोमनिटरिङ (Disease Surveillance and Sero-monitoring) |
| २ | मौसमी तरकारी विउ, जैविक एवम प्रांगारिक विषादी वितरण कार्यक्रम | ३,००,०००/- | मौसमि तरकारी विउ, औजार, जैविक एवं प्राङ्गारिक विषादी वितरण कार्यक्रम |

लक्ष्मण [illegible]
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं ८

भीरकोट नगरपालिका अन्तर्गतका विगतमा विभिन्न समयमा मर्ज भएका वा संचालनमा नरहेका विद्यालयहरुको खातामा रहेको रकम भीरकोट नगरपालिकाको संचित कोषमा ल्याई शैक्षिक गुणस्तरका क्षेत्रमा उपयोग गर्ने ।

निर्णय नं ०९

बयरघारी पिष युथ क्लबलाई पालिका स्तरीय पुरुष भलिबल प्रतियोगिता एवं चौथो बयरघारी मेला कार्यक्रमको लागि बयरघारी पिष युथ क्लब बजेट शिर्षकबाट रु. ३ लाख भुक्तानी दिने ।

निर्णय नं १०

भीरकोट नगरपालिकाको चालू आ.व. २०८२/८३ मा नगरसभाबाट स्वीकृत बजेटको परिधिभित्र रही नगरप्रमुखको तोक आदेश भएका तपसिलका योजना तथा कार्यक्रमहरुमा देहायबमोजिमको बजेट रकम विनियोजन गरी कार्यान्वयन प्रक्रिया अगाडी बढाउने ।

तपसिल

| क्र.स. | भुक्तानी दिने व्यक्ति/संस्था/निकाय | भुक्तानी दिने बजेट शिर्षक | भुक्तानी दिने रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १. | श्री पब्लिक एकेडेमी मा.वि., भीरकोट-८ | विभिन्न संघसंस्था अनुदान | ५०,०००/- | |
| २. | लाङघाली युवा क्लब | युवा तथा खेलकुद कार्यक्रम | ६०,०००/- | |
| ३. | श्री पब्लिक एकेडेमी मा.वि., भीरकोट-८ | विभिन्न संघसंस्था अनुदान | प्राविधिक मुल्याङ्कन बमोजिम | प्राविधिक कार्यसम्पन्न मुल्याङ्कन बमोजिम भुक्तानी दिने |
| ४. | श्री बयरघारी खानेपानी तथा सरसफाई आयोजना उपभोक्ता समिति, भीरकोट-२ | मेयर सम्वोधन आकस्मिक तथा विविन्न खर्च | ३५,०००/- | |
| ५. | वजादी वहुउद्देश्यीय सामुदायिक भवन, भीरकोट-३ | मेयर सम्बोधन भौतिक तथा पूर्वाधार मर्मत | ६०,०००/- | |
| ६. | अर्याल सप्लायर्स, पुतलीवजार नगरपालिका ११ | मेयर सम्बोधन भौतिक तथा पूर्वाधार मर्मत | ३०,८४९/- | |
| ७. | मालेबगर सिचाई कुलो निर्माण तथा मर्मत, भीरकोट-४ | मेयर सम्वोधन कृषि तथा साना सिंचाई | १,५०,०००/- | |

लक्ष्मण [illegible]
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ८. | नुरुल उलुम स्कुल स्टिल बार निर्माण, भीरकोट-१ | मेयर सम्बोधन भौतिक तथा पूर्वाधार मर्मत | १,००,०००/- | |
| ९. | एकुवार आमा समूह, भीरकोट-६ | विभिन्न जनजातीको संस्कृति जगेर्ना सम्बन्धी कार्यक्रम | २५,०००/- | |
| १०. | खिंलुङ्ग कालिका मन्दिर पुजा व्यवस्थापन समिति भीरकोट-७ | विभिन्न जनजातीको संस्कृति जगेर्ना सम्बन्धी कार्यक्रम | १,००,०००/- | |
| ११. | स्वरेक कोट कालिका भैरब मन्दिर | धार्मिक तथा साँस्कृतिक क्षेत्रको मर्मतसम्भार | ४०,०००/- | |
| १२. | वडा नं ३ को ग्रामिण सडक नालि सफाई (भीम बहादुर सार्की) | मेयर सम्बोधन भौतिक तथा पूर्वाधार मर्मत | ४५,०००/- | |
| १३. | Dreams Nepal Culture Media House Pvt. Ltd. | नगरले गरेको विकास निर्माण कामहरुको वृत्तचित्र निर्माण | १,००,०००/- | नगरपालिकाको वृत्तचित्र निर्माण |

निर्णय नं ११

भीरकोट नगरपालिकाको न्यायिक समितिको कार्यसम्पादनलाई प्रभावकारी बनाउन न्यायिक सेवा एप निर्माण कार्यको कार्यशर्त (TOR) तथा लागत अनुमान स्वीकृत गरी आवश्यक प्रकृया अगाडी बढाउने ।

निर्णय नं १२

नगरपालिकाको कार्यालयमा प्राप्त भएका निम्न बमोजिमका आर्थिक सहयोग उपलब्ध गराउने ।

तपसिल

| क स | व्यक्ति/संस्था | सहयोग रकम | कैफियत |
|---|---|---|---|
| १. | कर्मचार्य समाज, नेपाल | २५०००/- | मेयर सम्बोधन अनुदान कार्यक्रम सहयोग |

निर्णय नं १३

भीरकोट नगरपालिकाको प्राविधिक तथा घरनक्सा शाखा तथा वडा कार्यालयमा कार्यरत इन्जिनियर, सब-इन्जिनियर, असिस्टेन्ट सब इन्जिनियर लाई कार्यालयले आवास उपलब्ध गराइएको बाहेक अन्यलाई मासिक रु. ३००० का दरले आवास सुविधा उपलब्ध गराउने ।

लक्ष्मण जम्साल
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं १४

चालु आ.व. २०८२/८३ को स्वीकृत बार्षिक कार्यक्रमअनुसार नगर कार्यपालिकाको मिति २०८२/०५/३१ गतेको निर्णय बमोजिम विभिन्न वडाहरुमा रहेका ग्रामिण सडक सरसफाई गर्नका लागि विनियोजित बजेटको परिधिभित्र रही ग्रामिण सडक सरसफाई गरिएकोमा निम्न वडामा सरसफाई कार्य गरेका निम्नानुसारको निर्माण कम्पनीहरुलाई तोकिए बमोजिमको कागजातका आधारमा डोजर भाडा/सरसफाइ खर्च बापतको रकम भुक्तानी दिने ।

| क स | वडा नं | निर्माण कम्पनिको नाम | भुक्तानी दिने रकम | संलग्न कागजात |
|---|---|---|---|---|
| १. | १ | किस्मत कन्स्ट्रक्सन इन्जिनियरिङ एण्ड सप्लायर्स, भीरकोट-१ | २,०२,३४९/- | • वडाको सिफारिस<br>• मिटर रिडिङ<br>• सम्झौता (वडा)<br>• घण्टा प्रमाणित फाराम<br>• बिल बिजक<br>• वडा अनुगमन समितिको निर्णय<br>• भुक्तानी सिफारिस |
| २. | ७ | किस्मत कन्स्ट्रक्सन इन्जिनियरिङ एण्ड सप्लायर्स भीरकोट-१ | ३,०६,९७५/- | |
| ३. | ९ | किस्मत कन्स्ट्रक्सन इन्जिनियरिङ एण्ड सप्लायर्स भीरकोट-१ | ७,१५,६५७/- | |
| ४. | ५ | खिलुङ्ग कालिका निर्माण सेवा भीरकोट-१ | ६,१८,२००/- | |
| ५. | ८ | किस्मत कन्स्ट्रक्सन इन्जिनियरिङ एण्ड सप्लायर्स, भीरकोट-१ | ४,११,०७१/- | |
| ६ | वडा नं ३ र ५ का विभिन्न स्थान | किस्मत कन्स्ट्रक्सन इन्जिनियरिङ एण्ड सप्लायर्स, भीरकोट-१ | १,२६,४०१ | |
| ७. | ४ | फलोभरा कन्स्ट्रक्सन प्रा. लि. वालिङ-१ | २,२८,३७३/- | |
| ८. | ७ | खिलुङ्ग कालिका निर्माण सेवा, भीरकोट-१ | ४,३८,६८८/- | |
| ९. | ३ | सम्राट निर्माण सेवा, भीरकोट-२ | ७,३६,६३५/- | |
| १०. | ४ | सम्राट निर्माण सेवा, भीरकोट-२ | ५२,५७८/- | |
| ११. | २ | सम्राट निर्माण सेवा, भीरकोट-२ | २,२४,१२४/- | |
| १२. | ६ | खिलुङ्ग कालिका निर्माण सेवा, भीरकोट-१ | ३,३३,२६५/- | |

निर्णय नं १५

भीरकोट नगरपालिका भई बहने आँधिखोला बायाँ किनारातर्फ वडा नं १ खण्डमा नदीको बहावले उच्च जोखिम भएका क्षेत्रमा तटबन्धन निर्माण गर्न प्राविधिक लागत स्टिमेट बमोजिमको रु.५७,२६,२३८/- टेण्डर मार्फत River Training work in Aandhikhola River, Bheerkot 1 निर्माण प्रकृया अगाडी बढाउने साथै उल्लिखित रकमको सम्पुरक कोषबाट बजेट सुनिश्चितता गरी नगरसभाबाट अनुमोदन गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं १६

भीरकोट नगरपालिका वडा नं ४ भीरकोट पार्कनिर संघीय सहरी विकास तथा भवन निर्माण कार्यालय कास्कीद्धारा संचालित एकीकृत सहरी पूर्वाधार विकास कार्यक्रम अन्तर्गत निर्माणाधिन पोखरी निर्माणको क्रममा उत्खनन गर्दा निस्केको नदीजन्य पदार्थ सम्बन्धित आयोजनाको निर्माणस्थलबाट अन्यत्र Site मा लगी प्रयोग गर्दा प्रदेश सरकारले तोकेको दररेट बमोजिम नगरपालिकामा बुझाउनुपर्ने राजश्व एकिन गर्न सम्बन्धित निकायसंग समन्वय गर्ने । साथै उक्त स्थानबाट ढुवानी गरी भीरकोट नगरपालिका वडा नं १ खेलमैदान नजिक Dumping गरी राखेको नदीजन्य पदार्थको समेत प्राविधिक नाँपजाँच गरी परिमाण एकिन गर्ने ।

निर्णय नं १७

नगरपालिका भित्रका विपन्न तथा न्यून आयस्तर भएका नागरिकहरुलाई आधारभूत शौचालय निर्माणमा अनुदानका लागि सम्बन्धित वडाको सिफारिस बमोजिम प्रति घरधुरी देहायको निर्माण सामाग्रीहरु नियमानुसार खरिद गरी उपलब्ध गराउने ।

क) जस्ता पाता-३ पाता (७ फुटे)

ख) छड- १० MM को (२ वटा)

ग) सिमेन्ट- ३ बोरा

घ) ट्वाइलेट साइफन- १ वटा

ङ) पाइप- १ पिस (४ इन्च)

लक्ष्मराज लम्साल
प्रमुख प्रशासकीय अधिकृत